कर्णाली प्रदेश सरकार

## उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

वीरेन्द्रनगर, सुर्खेत

# रोस्टर सूचीमा दर्ता हुने सूचना

**सूचना प्रकाशित मितिः २०८२/१२/०९**

कर्णाली प्रदेश सरकारको आ.ब.२०८२/०८३ को वार्षिक विकास कार्यक्रम अन्तर्गतको विजनेस इन्क्युवेसन सेन्टर स्थापना, सञ्चालनमा सहयोग तथा प्रविधि खरिद कार्यक्रम कार्यान्वयन गर्न तर्जुमा गरी स्वीकृत भएको कर्णाली प्रदेश बिजनेस इन्क्युवेसन सेन्टर स्थापना, सञ्चालन तथा व्यबस्थापन कार्यविधि, २०८२ बमोजिम सेन्टर सञ्चालन तथा व्यवस्थापनका लागि समन्वय, सहजीकरण तथा आवश्यक निर्देशन दिन विजनेश इन्क्युवेशन सेन्टर सञ्चालक समिति गठन गरिएको र सो कार्यविधिको परिच्छेद २ को दफा ४ को "घ" मा मन्त्रालयले तोकेको उद्यमशीलता तथा नवप्रवर्तनको क्षेत्रमा काम गरेको विज्ञ प्रतिनिधि सदस्य रहने व्यवस्था रहेकोले योग्यता पुगेका नेपाली नागरिकले तपसिल बमोजिमका कागजात संलग्न राखी ७ (सात) दिनभित्र यस उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, वीरेन्द्रनगर सुर्खेतमा रोस्टर सूचीमा दर्ता हुन यो सूचना प्रकाशित गरिएको छ ।

<u>तपसिल</u>

(क) नवप्रवर्तन सम्बन्धी उद्यम विकास, सूचना प्रविधि, स्टार्टअप व्यवसाय, नवप्रवर्तनकारी कार्यमा कम्तिमा ५ वर्ष काम गरेको ।

(ख) मान्यताप्राप्त विश्वविद्यालयबाट कम्तिमा स्नातक तह वा सो सरह उत्तिर्ण गरेको ।

(ग) स्टार्ट अप, नवप्रवर्तनकारी उद्यमशीलताको क्षेत्रमा उत्कृष्ट कार्य सम्पादन गरी रोजगारी सिर्जना तथा उद्यमशील वातावरण गराउन पहल गरेको ।

(घ) उच्च नैतिक चरित्र भएको ।